# भाग २

## नेपाल सरकार

## कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति डा. रामवरण यादवबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०७० सालको अध्यादेश नं. ६**

## आर्थिक वर्ष २०७०/०७१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश

**प्रस्तावना** : आर्थिक वर्ष २०७०/०७१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न तत्काल आवश्यक भएको र हाल व्यवस्थापिका-संसद नभएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "विनियोजन अध्यादेश, २०७०" रहेकोछ।

(२) यो अध्यादेश २०७० साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७०/०७१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : आर्थिक वर्ष २०७०/०७१ को निमित्त अनुसूची-१ बमोजिम सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालू खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रु. ४,५४,७२,२०,४२,०००।- (अक्षरेपी चार खर्ब चौवन्न अर्ब बहत्तर करोड बीस लाख बयालिस हजार रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **विनियोजन** : (१) यस अध्यादेशद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७०/०७१ को निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा नेपाल सरकारले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ५०१ देखि ६०२ सम्म विनियोजन भएको रकम अनुदान संख्या १०१ देखि ६०२ सम्म जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. **स्थानीय निकायलाई दिइने निःशर्त अनुदान सम्बन्धी व्यवस्था** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकायलाई जाने निःशर्त अनुदानको अख्तियारी अर्थ मन्त्रालयले स्थानीय निकायलाई दिनेछ । यस्तो रकमबाट भएको खर्चको अनुगमन र केन्द्रीय लेखा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गर्नु पर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची - १

(दफा २ सँग सम्बन्धित)

नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम

### सञ्चित कोषमाथि व्ययभार हुने रकम

रु.हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १ | १०१ | राष्ट्रपति | ५,५२७ | ० | ५,५२७ |
| २ | १०२ | उपराष्ट्रपति | ५,१३४ | ० | ५,१३४ |
| ३ | २०२ | संविधान सभा /व्यवस्थापिका - संसद | ७,५२२ | ० | ७,५२२ |
| ४ | २०४ | अदालत | २५४,८७७ | ० | २५४,८७७ |
| ५ | २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १९२,४४६ | ० | १९२,४४६ |
| ६ | २०८ | महालेखा परीक्षकको कार्यालय | २६२,५९९ | ० | २६२,५९९ |
| ७ | २१० | लोक सेवा आयोग | ३०५,५७७ | ० | ३०५,५७७ |
| ८ | २१२ | निर्वाचन आयोग | २७९,३४८ | ० | २७९,३४८ |
| ९ | २१४ | राष्ट्रिय मानव अधिकार आयोग | ११३,१७१ | ० | ११३,१७१ |
| १० | ५०२ | अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | १४,१६६,२२१ | २५,१६७,०६१ | ३९,३३३,२८२ |
| ११ | ५०३ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ३,५९२,१६६ | १३,७५३,५१२ | १७,३४५,६७८ |
| १२ | ५०४ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ८९५,०१८ | ३,४८७,७७९ | ४,३८२,७९७ |
| १३ | ६०२ | अर्थ मन्त्रालय - विविध | ३०,००० | ० | ३०,००० |
| | | जम्मा | २०,१०९,६०६ | ४२,४०८,३५२ | ६२,५१७,९५८ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची - २

(दफा २ र ३ सँग सम्बन्धित)

## सञ्चित कोषबाट खर्च हुने रकम

रु.हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूंजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | १०१ | राष्ट्रपति | ६२,९०९ | १४२,६०० | ० | २०५,५०९ |
| २ | १०२ | उपराष्ट्रपति | २३,६३६ | २,५५० | ० | २६,१८६ |
| ३ | २०२ | संविधान सभा /व्यवस्थापिका - संसद | ७८१,६२६ | २८,३०० | ० | ८०९,९२६ |
| ४ | २०४ | अदालत | २,१४७,७९२ | ९१८,००० | ० | ३,०६५,७९२ |
| ५ | २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ३९,५७५ | ४१,८०० | ० | ८१,३७५ |
| ६ | २०८ | महालेखा परीक्षकको कार्यालय | ८१,४९६ | १०१,८६१ | ० | १८३,३५७ |
| ७ | २१० | लोक सेवा आयोग | १६,८०० | ६४,००० | ० | ८०,८०० |
| ८ | २१२ | निर्वाचन आयोग | ४७,८२४ | ५२,००० | ० | ९९,८२४ |
| ९ | २१४ | राष्ट्रिय मानव अधिकार आयोग | ० | ५,५०० | ० | ५,५०० |
| १० | २१६ | महान्यायाधिवक्ताको कार्यालय | ४३०,९२४ | १२७,६०० | ० | ५५८,५२४ |
| ११ | २१८ | न्याय परिषद् | २०,६३१ | ३,५०० | ० | २४,१३१ |
| १२ | ३०१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३,६६०,९८८ | १,४१७,६५७ | ० | ५,०७८,६४५ |
| १३ | ३०५ | अर्थ मन्त्रालय | ६,०९७,८८८ | १,००७,१०२ | ० | ७,१०४,९९० |
| १४ | ३०७ | उद्योग मन्त्रालय | १,६५६,३५० | १,५९२,३२७ | ० | ३,२४८,६७७ |
| १५ | ३०८ | उर्जा मन्त्रालय | ६६१,०९८ | १,००५,११९ | ० | १,६६६,२१७ |
| १६ | ३११ | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | ११९,३५० | १२,४६० | ० | १३१,८१० |
| १७ | ३१२ | कृषि विकास मन्त्रालय | १८,६७१,११० | २,७३२,०१७ | ० | २१,४०३,१२७ |
| १८ | ३१४ | गृह मन्त्रालय | ३२,१६३,९५७ | ३,४००,३६८ | ० | ३५,५६४,३२५ |
| १९ | ३२५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २,२१६,२०८ | ६२५,२७० | ० | २,८४१,४७८ |
| २० | ३२६ | परराष्ट्र मन्त्रालय | २,२७६,१७७ | ३७७,०९३ | ० | २,६५३,२७० |
| २१ | ३२९ | बन तथा भू-संरक्षण मन्त्रालय | ५,७१९,३५१ | २,९१५,६०४ | ० | ८,६३४,९५५ |
| २२ | ३३० | बाणिज्य तथा आपूर्ति मन्त्रालय | १,०५६,१८५ | २१७,२३० | ० | १,२७३,४१५ |
| २३ | ३३१ | विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय | ४,९४६,३२१ | ६९४,६३७ | ० | ५,६४०,९५८ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | ३३६ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | २,५५७,२६८ | ५४७,३२५ | ० | ३,१०४,५९३ |
| २५ | ३३७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ५,२७८,३३२ | २९,९९८,४६४ | ० | ३५,२७६,७९६ |
| २६ | ३४० | महिला, बालबालिका तथा संमाज कल्याण मन्त्रालय , | १,४४७,२२५ | १३७,४४१ | ० | १,५८४,६६६ |
| २७ | ३४३ | युवा तथा खेलकूद मन्त्रालय | १,२६०,२६७ | ५,५०० | ० | १,२६५,७६७ |
| २८ | ३४५ | रक्षा मन्त्रालय | २५,५३७,१४३ | २,०३९,४०० | ० | २७,५७६,५४३ |
| २९ | ३४७ | शहरी विकास मन्त्रालय | १०,३३३,१७१ | ७,९३९,९३९ | ० | १८,२७३,११० |
| ३० | ३४९ | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | ३,४५४,००० | १,३४५,७२८ | ० | ४,७९९,७२८ |
| ३१ | ३५० | शिक्षा मन्त्रालय | ८०,७४५,०५६ | २१३,०२४ | ० | ८०,९५८,०८० |
| ३२ | ३५२ | सहकारी तथा गरिबी निवारण मन्त्रालय | ८६२,२१८ | ९३,८५५ | ० | ९५६,०७३ |
| ३३ | ३५६ | सामान्य प्रशासन मन्त्रालय | ७३७,७९० | ३३,६४० | ० | ७७१,४३० |
| ३४ | ३५७ | सिंचाइ मन्त्रालय | १,१६१,७४० | ११,४०३,८०६ | ० | १२,५६५,५४६ |
| ३५ | ३५८ | सूचना तथा सञ्चार मन्त्रालय | ३,२५९,५९२ | ६१९,७५८ | ० | ३,८७९,३५० |
| ३६ | ३६५ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | ४२,९६६,४४८ | ३,५७६,३६३ | ० | ४६,५४२,८११ |
| ३७ | ३७० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २५,२५५,२१२ | ५,१७६,९८४ | ० | ३०,४३२,१९६ |
| ३८ | ३७१ | श्रम तथा रोजगार मन्त्रालय | ६८२,२०९ | १५८,४६२ | ० | ८४०,६७१ |
| ३९ | ३९१ | राष्ट्रिय योजना आयोगको सचिवालय | ६२७,३३६ | १५७,७८७ | ० | ७८५,१२३ |
| ४० | ५०१ | अर्थ मन्त्रालय-वितीय व्यवस्था | ० | ० | ३६,३१४,४४१ | ३६,३१४,४४१ |
| ४१ | ६०१ | अर्थ मन्त्रालय- कर्मचारी सुविधा तथा सेवानिवृत सुविधा | ३१,६३८,१५० | ० | ० | ३१,६३८,१५० |
| ४२ | ६०२ | अर्थ मन्त्रालय - विविध | १२,६०६,५१७ | ४,१६७,६६० | ० | १६,७७४,१७७ |
| | | जम्मा | ३३३,३०७,८७० | ८५,०९९,७३१ | ३६,३१४,४४१ | ४५४,७२२,०४२ |

**प्रमाणीकरण मिति: २०७०।०३।३०।१**

आज्ञाले,
भेषराज शर्मा
नेपाल सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।